नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् समन्वय शाखा)
सिंहदरवार, काठमाण्डौ

फोन नं. ४२००३१६
www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-२०८२/८३
च.नं.:- वा.त.वि.व्य./१५०

मिति:२०८३/०२/०८

नेपाल संवत् ११४५ गुँलाथ्व

श्री स्थानीय तह (सबै)

**विषयः विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा।**

प्रस्तुत विषयमा श्री गृह मन्त्रालय, विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखाको प.स. २०८२/८३ च.नं. ५४ मिति २०८३/०२/०७ को विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी पत्रको छाँया प्रति यसै साथ संलग्न छ। संलग्न पत्रबाट व्यहोरा अवगत गरी मनसुनजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि आवश्यक समन्वय, सहकार्य तथा सहजीकरण गर्नु गराउनु हुन यस मन्त्रालयको मिति २०८३/०२/०८ को निर्णयानुसार अनुरोध छ।

२०८३/०२/०८

(नित्यराज भट्टराई)
शाखा अधिकृत

<u>बोधार्थ</u>

श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखा, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सबै स्थानीय तहमा प्रेषित गरिदिनहुन)



CamScanner

नेपाल सरकार
# गृह मन्त्रालय
विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा

फोन नं.:- ०१-४२००१०५, ४२००२९१
४२००१०५, ४२००२०३
Email :- neoc@moha.gov.np
website :- www.drrportal.gov.np

सिंहदरबार
काठमाडौं, नेपाल

पत्र संख्या: ०८२।०८३
प्राप्त पत्र संख्या र मिति:
च.नं. ५४

मिति २०८३।०२।०३
नेपाल सम्वत् ११४६

**विषय: विपद पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा।**

~~श्री संघीय मामिला महाशाखा~~
श्री योजना तथा सहायता समन्वय महाशाखा

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

नेपालको संविधानले विपद् व्यवस्थापनलाई स्थानीय तहको समेत अधिकारको रुपमा व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (न) ले विपद् व्यवस्थापनमा स्थानीय तहको तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ ले स्थानीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारसमेत स्पष्ट गरेको छ। विभिन्न विषयगत कानूनहरूमा गरिएका त्यस्ता व्यवस्थाहरूले स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, पूर्वतयारी र प्रतिकार्य योजना निर्माण गर्ने, विपद् प्रभावित क्षेत्रमा खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण वितरण र समन्वय गर्ने, जोखिम नक्साङ्कन र पूर्वसूचना प्रणालीको विकास गर्ने, स्थानीय समुदाय संघसंस्था तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने एवं स्थानीय विपद् व्यवस्थापन कोषको स्थापना सञ्चालन र श्रोत साधन परिचालन गर्ने लगायतका महत्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ।

प्रस्तुत सन्दर्भमा नेपालमा मनसुनको आगमन तथा सम्भावित विपद् जोखिमलाई मध्यनजर गर्दै स्थानीय स्तरदेखि नै विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाउनुपर्ने आवश्यकता रहेकोले विपद्का समयमा हुन सक्ने जनधनको क्षतिलाई न्यूनीकरण गर्नका लागि आवश्यक पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा, योजना बमोजिमको न्यूनतम व्यवस्थापकीय तयारी र खोज तथा उद्धार एवं राहत सामग्रीको पूर्वप्रबन्ध मिलाउन आवश्यक समन्वय र सहजीकरण सहित उच्च सजगता अपनाउन देशभरका ७५३ वटै स्थानीय तहलाई पत्राचार गरिदिनुहुन निर्णयानुसार अनुरोध छ।

...मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवालयको प्राप्त दर्ता
१६३२
०८३।२।६

०८३।०२।०६
(खेमराज कोइराला)
शाखा अधिकृत

CamScanner